नवलपरासी जिल्ला अदालत
परासी, नवलपरासी
२०२१

# नवलपरासी जिल्ला अदालत परासी
## लिलाम बढाबढको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः- २०८०।१२।२२

सम्मानित सर्वोच्च अदालतको व्यवस्थापन समितिको मिति २०८०।०८।२७ को निर्णय बमोजिम साविक कारागार कार्यालय नवलपरासीको नाममा रहेको हाल नवलपरासी जिल्ला अदालतको नाममा नामसारी हुन आएकोले अदालत परिसरको जग्गामा रहेको कारागारको कम्पाउण्ड,वाल,टहरा र १ तले भवन पुरानो ग्यारेज न्यायाधिशको पुरानो क्वाटर भित्र रहेको दुई तले पुरानो भवन लगायतका संरचनाहरुको लिलाम गरी भत्काउनको लागी अनुमती दिने निर्णय भए बमोजिम खुल्ला प्रतिस्पर्धाबाट बिक्री गर्न पर्ने भएकाले ईच्छुक व्याक्ति तथा फर्महरुले देहाएबमोजिमको सर्तको अधीनमा रही लिलाम बढाबढ प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

१) सम्पत्ति तथा जिन्सी मालसामानको विवरणः- पुरानो कारागार परिसर भित्र रहेको पक्की घर १ वटा,जस्ताको छाना भएको पक्की घर,पुरानो कारागार भवन, अदालत र साविक कारागार कार्यालय वीचको पर्खाल र अदालत परिसरको टिनको छाना भएको ग्यारेज, न्यायाधीश निवास भित्र रहेको दुई तले पुरानो भवन। (उल्लेखित भवनमा प्रयोग भएका काठवाहेकका समान )

२) मालसामानको न्यूनतम मुल्यः- रु.८,८१,५,३५।५०(VAT सहित)

३) लिलाम हुने स्थान,मिति र समयः- नवलपरासी जिल्ला अदालत परिसर,२०८१।०१।०६,दिउँसो २ बजे देखी ५ बजे सम्म ।

४) लिलाम बढाबढ शुरु हुने न्युनतम मूल्यः- रु.८,८१,५,३५।५० (VAT सहित)

<u>शर्तहरु</u>

१.लिलाम प्रकृयामा सहभागी हुनेले परिचय खुल्ने कागाजात साथै लिई आउनुपर्ने ।

२.लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम मुल्य बाटै शुरु हुनेछ ।

३.लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मुल्यको ५% हुने रकम नगदै धरौटी राख्नु पर्नेछ ।

४.प्रत्येक पटक डाँक बोल्न चाहने व्याक्तिबाट डाँक बड्दै गएमा सोही अनुपातमा थप मूल्यको ५% ले हुने गरी नगद धरौटी बुझाउँदै जानु पर्नेछ ।

५.प्रतिस्पर्धामा सबैभन्दा बढी बोल कबोल गर्नेले लिलाम सकार गरेको मान्य हुनेछ ।

६. लिलाम सकार गर्नेले ७ दिन भित्र कवोल गरेको सम्पूर्ण रकम दाखेल गरी सम्झौता गर्नु पर्नेछ।

७.लिलाम सकार गर्नेले ७ दिन भित्र लिलाम सकार गरेको रकम दाखिला नगरेमा निजले राखेको धरौटी जफत हुनेछ।

शिरस्तेदार (उपसचिव)

८.पहिलाको धरौटी जफत भएपछीक्रमशःदोश्रो र तेश्रो नम्वरका प्रतिस्पर्धीको अंक कवोल गर्नेले लिलाम सकार गर्न पाउने छ।

९.लिलाम सकार गरेको रकम दाखिला गरी सम्झौता गरेको मितिबाट ३० दिन भित्र संचरना भत्काई लानुपर्ने छ।

१०.लिलामी मा लिएको संरचना भत्काउदा भएको खाडल पुरीदिने जिम्मेवारी लिलाम लिनेको हुने छ।

११.लिलाम हुने वस्तु हेर्न चाहनेले कार्यालय समयमा आई जीन्सी शाखामा सम्पर्क गर्न सकिने छ ।

१२.अन्य थप केही बुझ्नुपर्ने भए लेखा शाखामा सम्पर्क गर्न सकिने छ ।

१३.लिलाम बाट प्राप्त संरचना भत्काउन र ढुवानी को खर्च डाँक सकार गर्ने व्याक्तिको हुनेछ ।